नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
कार्यक्रम कार्यान्वयन एकाई
बर्दिया
(कार्यक्षेत्र: बर्दिया र बाँके)

फोन नः ०८४-४६०१४९, ०८४-४२०१०७
इमेलः pmamp.piu.bardiya@gmail.com
वेबसाइटः www.piubardiya.pmamp.gov.np

प.स. २०८२/०८३
च.न.

## कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम सञ्चालनका लागी प्रस्ताव आह्वान सम्बन्धि सूचना

सूचना नं ८

प्रथम पटक सूचना प्रकाशित मितिः २०८२/०५/१५

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ, बर्दियाको चालु आ.व. २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार यस कार्यक्रम कार्यान्वयन एकाइको कार्यक्षेत्र (बर्दिया र बाँके) मा कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम सञ्चालन गर्नुपर्ने भएकोले "कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८२" बमोजिम योग्यता पुगेका इच्छुक कृषि उद्यमीहरुले तपशिलमा उल्लेखित आवश्यक कागजात सहित मिति २०८२/०६/०४ गतेभित्र यस कार्यालयमा अनुसुची-२ अनुसारको ढाँचामा आवेदन तथा अनुसुची-३ अनुसारको ढाँचामा कार्यक्रम सञ्चालन सम्बन्धी प्रस्ताव दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

तपसिल

| कार्यक्रमको नाम | लक्षित लाभग्राही | सञ्चालन हुने क्षेत्र | अनुदान रकम तथा भुक्तानी प्रक्रिया |
|---|---|---|---|
| कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम | कृषि उद्यमी वा १६-४० वर्ष उमेर समुहभित्रका युवा कृषक | बर्दिया र बाँके जिल्लाभरि | प्रस्तावको कुल लागतको बढीमा पचास प्रतिशत वा चार लाख रुपैयाँ मध्ये जुन कम हुन्छ सोही रकम अनुदान स्वरुप बैङ्क खातामा भुक्तानी गरिने |

**कार्यक्रम सञ्चालन गर्न सकिने बाली/वस्तु तथा क्रियाकलापहरु**

१. तरकारीको व्यवसायिक उत्पादन, प्रशोधन तथा बजारिकरण ।
२. बीउ-बेर्ना उत्पादन, प्रशोधन तथा भण्डारण ।
३. दुग्धजन्य वस्तुको प्रशोधन तथा विविधिकरण, छुर्पी उत्पादन, भण्डारण तथा निर्यात ।
४. च्याउ बीउ उत्पादन, च्याउ प्रशोधन, भण्डारण र बजारीकरण ।
५. मासुजन्य पदार्थको भण्डारण, प्रशोधन र बजारिकरण ।
६. अदुवा, बेसार लगायतका मसलाबालीको प्रशोधन तथा बजारिकरण ।
७. मौरीपालन व्यवसाय र मह प्रशोधन ।
८. जौ, फापर, सिलाम, कोदो, चिनो, कागुनो लगायत रैथाने बालीको उत्पादन, प्रशोधन तथा बजारिकरण ।
९. प्राङ्गारिक, गड्यौली मल वा जैविक मल उत्पादन तथा बजारिकरण ।
१०. बागवानी नर्सरी स्थापना तथा विकास, पुष्प व्यवसाय, टिस्यु कल्चर प्रविधिबाट बीउ र बिरुवा उत्पादन गर्ने व्यवसाय ।
११. फलफुल प्रशोधन र बजारिकरण ।
१२. खाद्यान्नको बीउ उत्पादन तथा प्रशोधन ।
१३. ग्रीन हाउसभित्र उत्पादन गरिने बालीहरुको उत्पादन प्रशोधन र भण्डारण ।
१४. साना तथा मझौला खालका कोल्ड च्याम्बर स्थापना तथा सञ्चालन ।
१५. घाँसबाट हे, साईलेज तथा हेलेज उत्पादन व्यवसाय ।
१६. अर्गानिक कृषि निर्यात ।

नि. कार्यालय प्रमुख

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
कार्यक्रम कार्यान्वयन एकाई
बर्दिया
(कार्यक्षेत्रः बर्दिया र बाँके)

फोन नः ०८४-४६०१४९, ०८४-४२०१०७
इमेलः pmamp.piu.bardiya@gmail.com
वेबसाइटः www.piubardiya.pmamp.gov.np

प.स. २०८२/०८३
च.न.

१७. व्यवसायिक पशुपन्छी तथा मत्स्य पालन उत्पादन र प्रशोधन ।
१८. जैविक विषादी, प्राङ्गारिक विषादी, वनस्पतिजन्य विषादी उत्पादन, प्रशोधन तथा बजारिकरण ।

<u>निवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरुः</u>

१. रु. १० को टिकट टाँसेको रितपुर्वक भरिएको निर्धारित अनुसुची-३ बमोजिमको प्रस्ताव आवेदन फारम ।
२. निवेदकको व्यक्तिगत तथा तिनपुस्ते विवरण खुल्ने कागजातहरु (नागरिकताको प्रतिलिपि) ।
३. कार्यक्रम सञ्चालनको लागि आवश्यक जग्गा सम्बन्धी कागजातको प्रतिलिपि (जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि वा भाडामा जग्गा लिएको भएमा जग्गाधनीसँग कम्तिमा ५ वर्ष र प्रशोधन तथा भण्डारणसँग सम्बन्धित संरचना निर्माणतर्फ कम्तिमा १० वर्षका लागि सम्झौता पत्रको प्रतिलिपि) ।
४. उद्यम वा व्यवसाय दर्ता भएको भएमा कानुन बमोजिम दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी ।
५. कृषक समुह/सहकारी/फर्म/कम्पनी/उपभोक्ता समितको यस कार्यालयमा सुचिकृत भएको प्रमाणपत्रको प्रतिलिपी ।
६. संस्थाको स्थाइ लेखा नं प्रमाणपत्रको प्रतिलिपि र आ.व.२०८१/८२ सम्मको करचुक्ता प्रमाणपत्रको प्रतिलिपी ।
७. समुह/सहकारी संस्थाको सदस्य भएमा सम्बन्धित समुह/सहकारी संस्थाको सिफारिस पत्र ।
८. स्थानिय तहको कृषि/पशु शाखाको सिफारिस पत्र ।

नोटः कार्यक्रम प्रस्तावना फारम कार्यालय तथा कार्यालयको वेबसाइट **<u>www.piubardiya.pmamp.gov.np</u>** बाट प्राप्त गर्न सकिनेछ।

विस्तृत जानकारीको लागीः (बर्दिया, गुलरियाः <u>०८४-४२०१०७, ९८५८०३४४४३</u>, सम्पर्क स्थल राजापुरः <u>०८४-४६०१४९, ९८४४८४०३४८</u>, बाँके, नेपालगञ्जः <u>०८१-५३७७६१, ९८५८०३०७६२</u>)

नि. कार्यालय प्रमुख

"आत्मनिर्भर अर्थतन्त्रका लागि कृषिको आधुनिकीकरण, विशिष्टीकरण र औद्योगिकीकरण"
"साबिकको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाई, बर्दिया"